मिति २०७८/०१/२७ वैठक संख्याः ६९

आज मिति २०७८/०१/२७ गतेका दिन १:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

उपस्थितीः

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थितीः

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका

**वैठक संख्या ६९** **मितिः २०७८/०१/२७**

**प्रस्तावहरुः**

१. समिक्षा तथा जानकारी ................
२. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा न्यूनीकरण व्यवस्थापन सम्बन्धमा ।
३. कार्यालयको आन्तरिक कार्य सञ्चालन सम्बन्धमा ।
४. सेवा करारमा लिइएको सामुदायिक स्वयंसेवकको करार सेवा अनुमोदन सम्बन्धमा ।
५. वास कार्यक्रम अन्तर्गत खानेपानी योजना मर्मत सम्बन्धमा ।
६. वास कार्यक्रम अन्तर्गत शौचालय निर्माण तथा मर्मत सम्बन्धमा ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना परिमार्जन सम्बन्धमा ।
८. चिकित्सकको अस्थायी दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा ।
९. ग्याविन जाली खरिद सम्बन्धमा ।
१०. नदीजन्य पदार्थ तथा घाट व्यवस्थापन सम्बन्धमा ।
११. घण्टाचुली क्षेत्र पर्यटन विकास योजनाको लागि ल.ई.स्वीकृत गरी ठेक्का प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।
१२. कन्टेन्जेन्सीबाट खर्च लेख्ने शिर्षकहरु सम्बन्धमा ।

**निर्णयहरुः**

१. पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतीको बारेमा छलफल तथा समिक्षा एवं गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा न्यूनीकरण एवं व्यवस्थापन गर्ने सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

क) कोभिड – १९ संक्रमणको अवस्था एवं जनस्वास्थ्य सम्बन्धी मापदण्ड तथा संक्रमण हुन सक्ने सम्भाव्य स्थलको अनुगमन तथा निगरानीको लागि जनस्वास्थ्य इकाई प्रमुखको संयोजकत्वमा तपशिल बमोजिमको निगरानी समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| | |
|---|---|
| जनस्वास्थ्य इकाई प्रमुख | - संयोजक |
| प्रशासन शाखा प्रमुख | - सदस्य |
| इलाका प्रहरी कार्यालय प्रमुख | - सदस्य |

ख) कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा न्यूनीकरणका लागि यस विषम परिस्थितीमा जनस्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी सचेत, सजग र सुरक्षित रहनको लागि सामुदायिक वन, शिक्षक, कर्मचारी, जनप्रतिनिधी, टोल विकास संस्था परिचालन गरी कार्यान्वयन गराउने निर्णय गरियो ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

ग) कोभिड - १९ संक्रमणका कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन गर्न वडाको वडा स्तरीय समितिको निर्णय बमोजिम सम्बन्धित वडामा नै व्यवस्थापन गर्न शव व्यवस्थापन स्थल पहिचान गरी शव व्यवस्थापन गर्ने निर्णय गरियो ।

घ) कोभिड - १९ संक्रमण भई मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापनमा आवश्यक सामाग्रीहरु (पि.पि.सेट, स्ट्रेचर, गम बुट, डोरी, प्लाष्टिक, फेस सिल्ड, स्प्रे टेङ्क, भारेक्स आदि) खरिद गरी तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

ङ) कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा न्यूनीकरण एवं व्यवस्थापनका लागि शव व्यस्थापन गर्न आवश्यकता अनुसार बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

३. जिल्ला प्रशासन कार्यालय तनहुँले जारी गरेको निषेधाज्ञा बमोजिम कोभिड – १९ को संक्रमणको समयमा जनस्वास्थ्य सम्बन्धी मापदण्ड अपनाई गाउँपालिका कार्यालयको अत्यावश्यक सेवा सञ्चालन गर्ने बाहेकका अन्य सेवा प्रवाह बन्द गरी कर्मचारीहरु नियमित उपस्थित भई आन्तरिक कार्य मात्र सञ्चालन गर्ने निर्णय गरियो ।

४. वास सम्बन्धी कार्य सञ्चालन गर्नका लागि सामुदायिक स्वयंसेवकमा छनौट भएका १० जना र वैकल्पिक सूचिमा रहेका ३ जना गरी जम्मा १३ जना सामुदायिक स्वयंसेवकलाई सेवा करारमा लिई कामकाजमा खटाइएको कार्य-प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

५. वास कार्यक्रम अन्तर्गत खानेपानी योजना मर्मत गर्न वडा नं. १ का लागि ४ वटा खानेपानी योजना, वडा नं. ४ को लागि ५ वटा खानेपानी योजना र वडा नं. ५ को लागि १ वटा खानेपानी योजना मर्मतका लागि वडा कार्यालयबाट माग गरी प्राथमिकिकरणका आधारमा योजना सञ्चालन गर्न निर्णय गरियो ।

६. वास कार्यक्रम अन्तर्गत स्वीकृत रु. १० लाख रकम मध्ये श्री राष्ट्रिय आधारभूत विद्यालय देवघाट ४ काफलडाँडामा नयाँ शौचालय निर्माण र बचत हुन आएको रकमबाट अन्य विद्यालयहरुको शौचालय मर्मत सम्भार गर्ने निर्णय गरियो ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहाय बमोजिम योजना परिमार्जन गर्ने निर्णय गरियो ।

क) वडा नं. ५ साँढिबगर खानेपानी योजना (रु. ३ लाख) – वडा नं. ५ स्थित रातमाटे मुलसडकबाट भित्री सडक जाने पदमार्ग निर्माण रु. ३ लाख मा थप गरी कुल रु. ६ लाख बनाउने ।

ख) वडा नं. ३ भोक्तेनी भञ्ज्याङ्ग पोखरी निर्माण योजना (रु. १ लाख) – वडा नं. ३ छिपछिपे स्वास्थ्य चौकी फूलबारी निर्माण गर्ने (रु. १ लाख)

८. विश्वभरी फैलिएको नयाँ प्रजाती (भेरियन्ट) सहितको कोभिड – १९ कोरोना भाइरस महामारी संक्रमण देशव्यापी रुपमा बढ्दै गएको विषम परिस्थितिलाई मध्यनजर गरी कोभिड – १९ बाट संक्रमित व्यक्तिहरुलाई आइसोलेसनमा राखी उपचार गर्नको लागि कोभिड अस्थायी अस्पतालमा एम.बि.बि.एस. (मेडिकल अधिकृत पद - १) को व्यवस्थापन गर्नको लागि अस्थायी दरबन्दी स्वीकृत गरी कार्यालयबाट जनशक्ति व्यवस्थापन अन्तर्गत गरिएको विज्ञापन अनुमोदन गर्ने निर्णय गरियो ।

९. विपद व्यवस्थापन एवं प्रधानमन्त्री रोजगार कार्यक्रम तथा निर्माण सम्बन्धी प्रयोजनका लागि स्वीकृत रु. ५ लाख रकमको सिमाभित्र रही आवश्यक ग्याविन जाली खरिद गर्ने निर्णय गरियो ।

१०. आ.व. २०७६/०७७ मा ठे.नं. ६ त्रिशुली नदीतर्फ भुवनटारघाट र ठे.नं. ७ कालीगण्डकी नदितर्फ कालीभतेरी घाटको श्री सन्ध्या सन्देश निर्माण सेवा र गाउँपालिकाबिच नदीजन्य पदार्थ उत्खननको ठेक्का सम्झौता भएकोमा छैठौं गाउँसभाको निर्णयानुसार आ.व. २०७७/०७८ मा श्री सन्ध्या सन्देश

नरहरि आर्यकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

निर्माण सेवालाई त्रिशुली नदीतर्फ भुवनटारघाटबाट १५,००० घ.मि. र कालीगण्डकी नदीतर्फ कालीभतेरीघाटतर्फ १५,००० घ.मि. उठाउने गरी आ.व. २०७७/०७८ दायित्व सारी आ.व. २०७८/०१/२५ सम्म म्याद थप भएकोमा तोकिएको समय अवधिभित्र मानिस लगाई बेल्चा प्रयोग गरी तथा कोभिड-१९ को कारण समेत नदीजन्य पदार्थ उत्खनन गर्न नसकेको भनि कार्यालयमा दिएको निवेदन अनुसार यस पूर्व तोकिएको समयावधिभित्र सम्झौता बमोजिमको परिमाण उत्खनन, संकलन तथा व्यवस्थापन गर्न नसकेको सम्बन्धमा गाउँपालिका स्तरीय अनुगमन समितिको अनुगमन निरिक्षण प्रतिवेदन तथा वैठकको निर्णय समेतको आधारमा निम्न घाटमा निम्नानुसार हुने गरी सञ्चालन/व्यवस्थापन गर्ने गरी सम्झौता/कार्यदिशको म्याद थप तथा नयाँ अर्को थप घाटको सम्झौता/कार्यदिश दिने र मिति २०७८ जेष्ठ मसान्त सम्म तोकिएको सिमाभित्र कार्य गर्न पाउने गरी अनुमती स्वीकृति सहितको म्याद थप गर्ने तथा उक्त समय सिमा/म्यादभित्र जे जस्तो अवस्था र परिस्थिती रहे भए पनि सम्झौता/कार्यदिशमा तोकिएको परिमाणको (नदिजन्य पदार्थ) ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल पुरै मात्रामा अनिवार्य रुपमा उठाई व्यवस्थापन गरी सक्नु पर्ने कुनै पनि कारण देखाई उठाउन नसकेको भनी कुनै माग दावी गर्न नपाइने तथा सो बापतको कुनै पनि दायित्व गाउँपालिका कार्यालयमा नरहने वा त्यसपछि कुनै पनि म्याद थप वा दायित्व सर्ने लगायतका कुनै पनि विषय नजोडिने गरी तपशिल बमोजिम हुने गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

क) त्रिशुली नदी भुवनटार घाट (तल्लो खण्ड) र कालीगण्डकी नदी कालीभतेरी घाट (तल्लो खण्ड) को लागि गत आ.व.को ठेक्का व्यवस्थापन गर्ने सन्दर्भमा मिति २०७७/०९/०६ मा २ महिनाको म्याद दिई कायदिश दिइएकोमा निर्माण व्यवसायीले तोकेको परिमाण (१५,००० घ.मि.) उत्खनन गर्न नसकेको भनि म्याद थप गरि पाउँ भनि कार्यालयमा निवेदन दिएकोमा मिति २०७७/११/२१ को गाउँ कार्यपालिकाको निर्णयानुसार मिति २०७८/०१/२५ सम्म म्याद थप भएकोमा उक्त व्यवसायीको तर्फबाट स्थानीयको अवरोध तथा अपेक्षाका कारण उत्खनन गर्ने कार्यमा बाधा अवरोध भएकोले उक्त अवधिमा समेत तोकेको परिमाणमा उत्खनन गर्न नसकिएकोले पुन: मिति २०७८/०१/२४ मा २०७८ जेष्ठ मसान्त सम्मको लागि म्याद थप गर्न निवेदन दिएको हुँदा फर्मको निवेदन र स्थानीय अनुगमन समितिको सिफारिस बमोजिम भुवनटार घाटको तल्लो खण्डको लागि बाँकी परिमाण उत्खनन गर्नको लागि म्याद थप गर्ने निर्णय गरियो ।

ख) त्रिशुली नदी भुवनटार घाट (माथिल्लो खण्ड) र कालीगण्डकी नदी कालीभतेरी घाट (माथिल्लो खण्ड) को लागि चालु आ.व. मा नयाँ ठेक्का व्यवस्थापनका लागि पटक-पटक बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएकोमा (पहिलो पटक ३० दिने ई-बिडिङ्गको सूचना, दोस्रो पटक ७ दिने सूचना र तेस्रो पटक ३ दिने सूचना) कुनै पनि व्यवसायी तथा फर्मले बोलपत्र पेश नगरेको कारण हालसम्म ठेक्का लाग्न नसकेको र चालु आ.व.मा उत्खनन गर्ने बाँकी अवधी (मिति २०७८ जेष्ठ मसान्त) धैरे नभएको साथै कोभिड-१९ को कारण भएको लकडाउनले गर्दा पून: ठेक्का सूचना प्रकाशन गर्दा समेत ठेक्का नलाग्ने देखिएको हुँदा सोही घाटहरुसँग जोडिएको घाटहरुको लागि उत्खनन गर्न कार्यदिश पाएको फर्म सन्ध्या सन्देश निर्माण सेवा, व्यास न.पा. ८ तनहुँलाई नै बाँकी उत्खनन अवधीको हिसाब गरी ३० दिनमा २५० घ.मि.का दरले हुन आउने प्रति घाटको लागि जम्मा परिमाण ७,५०० घ.मि.का लागि गाउँपालिकाको कार्यालयले तोकेको राजश्व दररेट प्रति घ.मि. रु. २००/- हुन आउने रकम रु. १५,००,०००/- (२ वटा घाटको जम्मा रु. ३०,००,०००/-

नरहरि [illegible]कोटा
प्रमुख प्रशासकीय अधिकृत

[illegible] बहादुर थापा
अध्यक्ष

) राजश्व दाखिला गर्न लगाई कार्यालयमा राजश्व आम्दानी बाँधी सम्झौता गरी कार्यादेश दिई नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गर्ने गराउने निर्णय गरियो ।

११. घण्टाचुली क्षेत्र पर्यटन विकास योजनाको लागि देवघाट गाउँपालिकाबाट रु. १ करोड ५० लाख र नेपाल सरकार पर्यटन मन्त्रालयबाट रु. ३ करोड ५० लाख गरी जम्मा रु. ५ करोड बजेटबाट ३ वर्षिय योजना स्वीकृत भएको हुँदा यस कार्यालयबाट तयार गरिएको डि.पि.आर. बमोजिमको लागत अनुमान रु. ५,८५,०९,१३९.६६ स्वीकृत गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१२. आ.व. २०७७/०७८ मा विनियोजित बजेट मध्ये गाउँपालिकाबाट सञ्चार माध्यम/पत्र-पत्रिकाहरुमा कार्यालयका विभिन्न सूचना सामाग्री प्रचार-प्रसार तथा छपाई बापतको रकम भुक्तानीको लागि अपुग हुने हुँदा कन्टेन्जेन्सीबाट खर्च गर्ने निर्णय गरियो ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष